# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

महाराजगंज, काठमाडौं ।

## पाँचौं बार्षिक साधारण सभा सम्बन्धी सूचना ।

यस कम्पनीको सञ्चालक समितिको मिति २०७३/०८/३० गतेको १५२औं बैठकको निर्णयानुसार निम्न स्थान, मिति र समयमा निम्न विषय-सूचीमा छलफल एवं निर्णय गर्न कम्पनीको **पाँचौं** बार्षिक साधारण सभा बस्ने भएकाले शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने स्थान, मिति र समय :**

स्थान : मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.को केन्द्रिय कार्यालय, महाराजगंज, काठमाडौं ।

मिति : २०७३/०९/२५ गते, सोमबार (तदानुसार जनवरी ९, २०१७)

समय : अपरान्ह ४:१५ बजे ।

**साधारण सभामा छलफल हुने विषयसूची:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आर्थिक वर्ष २०७२/०७३ को वार्षिक प्रतिवेदनको प्रस्तुति ।

२. लेखापरीक्षण प्रतिवेदनसहित २०७३ साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७२/०७३ को आय विवरण तथा नगद-प्रवाह विवरण सहितका अनुसूचीहरुमा छलफल गरी पारित गर्ने ।

३. आ.ब.२०७२/०७३ को लेखापरीक्षकको पारिश्रमिकमा भ्याटबाहेक रु.१ हजार थप गर्न सञ्चालक समितिबाट भएको निर्णय अनुमोदन गर्ने बारे ।

४. आर्थिक वर्ष २०७३/०७४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. **विशेष प्रस्ताव :**

- जुरे पहिरोको कारणले अरनिको राजमार्ग अवरुद्ध हुँदा बैकल्पिक राम्चे सडक निर्माणमा सहयोग पुऱ्याएको राहत तथा उद्धार खर्च अनुमोदन बारे ।

६. बिबिध ।

संचालक समितिका आज्ञाले,
कम्पनी सचिव
२०७३/०८/०१